# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive

Bharatpur, Chitwan, Bagmati Province, Nepal

पत्र संख्या:- २०७९ / २०८०

च.नं.:-

### पशु विकाश सेवा कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना
**सूचना नं १ -२०७९-२०८० ( पशु सेवा)**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०६/..०४**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिकाभित्र तपसिलका कार्यक्रमहरू कार्यान्वयनका लागि भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ मा तोकिएको मापदण्ड पुरा गरेका कृषक/व्यवसायी/ फार्म/उद्यमी/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट htpp://bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ। विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-४९३७२१ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| क्र.सं | कार्यक्रम | स्वीकृत परिणाम | बजेट र अनुदान प्रतिशत | आवेदकहरु | कार्यान्वयन प्रकृया |
|---|---|---|---|---|---|
| १ | निर्वाहमुखी पशु पालन (भेडा बाख्रा पालन) कार्यक्रम | ४ समूह | ३६ लाख | निर्वाहमुखी भेडा बाख्रा पालन गर्ने समूह | "पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८" अनुसार /संशोधन भएमा सोही अनुसार हुने |
| २ | निर्वाहमुखी पशु पालन (हाँस/ कुखुरा पालन) कार्यक्रम | १ समूह | ४.३० लाख | निर्वाहमुखी हाँस /कुखुरा पालन गर्ने समूह | |
| ३ | निर्वाहमुखी पशु पालन (बंगुर पालन) कार्यक्रम | १ समूह | ८ लाख | निर्वाहमुखी बंगुर पालन गर्ने समूह | |
| ४ | युवा लक्षित ( भेडा/ बाख्रा कार्यक्रम | ५ | १० लाख ५०% लागत सझेदारी | बाख्रा पालक कृषक | |
| ५ | युवा लक्षित ( बंगुर ) कार्यक्रम | ३ | ६ लाख ५०% लागत सझेदारी | बंगुर पालक कृषक | |
| ६ | काउम्याट वितरण कार्यक्रम | २०० | ११ लाख महानगरको ७०% लागत साझेदारी | व्यवशायिक पशुपालन फर्म एवं निर्वाहमुखी कृषक | |
| ७ | माछा मासु पसल सुधार कार्यक्रम | ५ | १० लाख ५०% लागत साझेदारीमा | माछा मासु पसल गर्ने व्यवसायीहरु | |

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म/व्यावसाय / समूह दर्ता गरेको प्रमाण पत्र । ( निर्वाहमुखी पशुपालनमा बाहेक फार्म दर्ता भएको मितिले एक वर्ष पुरा भएको हुनुपर्नेछ) ।

ख. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाण।

उप सचिव

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


ग. अध्यक्ष वा सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र।

घ. पशु विमा गरेको प्रमाण ।

ङ. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।

च. अन्य कागजात कार्यक्रमको मर्म अनुसार कार्यविधिमा तोकिए अनुसार पेश गर्नु पर्ने छ।

**नोटः** प्रस्तावनासाथ पेश गर्नुपर्ने आवेदन फारम भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाबाट तोकिएको शुल्क (एक लाख सम्मको अनुदानमा रू. १००।-, एक देखि पाँच लाखसम्मको अनुदानमा रू. ३००।- र पाँच लाखभन्दा माथिको अनुदानमा रू ५००।-) तिरी प्राप्त गर्न सकिने छ र "पशुसेवा कार्यक्रम कार्यान्वयनकार्यविधि २०७८" अनुसार /संशोधन भएमा सोही अनुसार हुने।

उप सचिव

........................


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)